नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎०९१-५२११०१ ०९१-५२२४४६
dao.kailali@gmail.com
verify.daokailali@gmail.com
daokailali.moha.gov.np
facebook.com/daokailali/
PH3R+63 Dhangadhi

धनगढी, कैलाली

## प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

विश्व महामारीको रुपमा फैलिइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ कोरोना भाइरसको संक्रमण यस जिल्लामा समेत तीब्र रुपमा फैलिइरहेको अवस्थालाई गम्भीरतापूर्वक लिंदै संक्रमण फैलिनबाट रोक्न (Chain break गर्न) र रोकथाम तथा नियन्त्रण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन एवम् व्यवस्थापन गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/२८ गते जारी गरिएको आदेशमा देहायका बुँदाहरु थप तथा परिमार्जन गरी जिल्लाका सम्पूर्ण क्षेत्रमा मिति २०७८/०२/१३ गते राति १२:०० बजेसम्म लागू हुने गरी देहाय बमोजिमको संशोधित आदेश जारी गरिएको छ। यस आदेशको पालना गर्नु/गराउनु सबैको कर्तव्य हुनेछ र आदेश विपरितका कार्यहरु प्रचलित कानून बमोजिम दण्डनीय हुनेछन्।

**निम्न**

१. बैंक तथा वित्तीय संस्था सञ्चालनको हकमा बढीमा ३ जनासम्म मात्रै कर्मचारी रहने गरी राजस्व दाखिला र सरकारी बैंकिङ्ग कारोबार गर्ने बाहेक बैंक तथा वित्तीय संस्थाका सबै सेवा बन्द गर्ने। अत्यावश्यक भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाहरुले ATM तथा विद्युतीय प्रणालीबाट सेवा प्रवाहको समुचित प्रबन्ध गर्ने।

२. औषधि उपचार लगायत अत्यावश्यक कामका लागि बाहेक घरबाट बाहिर निस्कन र हिंडडुल गर्न नदिन थप कडाई गर्ने।

३. स्वास्थ्य सेवा, खाद्य सामग्री लगायत अत्यावश्यक सेवाका सेवा प्रदायकहरुले जनस्वास्थ्यका मापदण्डहरु (मास्क प्रयोग, भौतिक दूरी कायम र स्यानिटाइजर वा साबुन प्रयोग) को कडाईका साथ पालना गर्नु/गराउनुपर्नेछ। सो गरेको नपाइएमा सञ्चालकलाई कारवाही हुनेछ।

४. अत्यावश्यक काममा बाहेक सार्वजनिक एवं निजी सवारी साधन सञ्चालन गर्न नपाइने।

५. राष्ट्रिय गौरवका आयोजनाका हकमा निर्माण सामग्री, उपकरण र कामदार निर्माणस्थलमा नै राखी निर्माण कार्य गर्ने बाहेक सबै किसिमका निर्माण कार्य स्थगन गर्ने।

६. विवाहको लागि ब्यानर सहित दुलाहा/दुलही राखेर बढीमा २ वटा सवारी साधनमा ५/५ जना गरी बढीमा १० जनासम्म आवतजावत गर्न पाउने।

७. यस आदेशमा उल्लेख भए वाहेक अन्य विषयका हकमा मिति २०७८।०१।२८ गते जारी आदेश बमोजिम नै हुनेछ ।

८. नेपाल सरकार, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, केन्द्रीय कोभिड संकट व्यवस्थापन केन्द्र (CCMC), प्रदेश कोभिड संकट व्यवस्थापन केन्द्र (PCCMC), तथा जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) बाट जारी भएका मापदण्ड, योजना तथा आदेशलाई पालना गर्नु सबैको कर्तव्य हुने हुँदा आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुर्‍याउने व्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारबाही र सजाय हुने व्यहोरा समेत जानकारी गराइन्छ।

कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद यस आदेशको पूर्ण पालना गरी/गराई कोभिड-१९ संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझैं सम्बन्धित सबै पक्ष, वर्ग र आमजनसमुदायको निरन्तर सहयोग, साथ र सहभागिताको लागि जिल्ला प्रशासन कार्यालय, कैलाली पुन: हार्दिक अपील गर्दछ।

मिति २०७८/०२/०४

२०७८/०२/०४
खगेन्द्र प्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी